# काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोश्रो पटक सूचना प्रकाशन मितिः २०८३।०६।२७

राजकुँडा सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमी-१, कपिलवस्तुको स्वीकृत कार्ययोजना अनुसार आ.व. ०८२।०८३ मा पुनरुत्पादन, ढलापड्‌डा तथा सुधार कटान तर्फका रुखहरु कटान गरी उत्पादन भइ समूहको घाटगद्दीमा रहेका काठ दाउरा तथा वन पैदावार आपूर्ती समितिबाट फिर्ता भएको साल गोलिया समेतको कायम गरिएको लटहरु मध्ये लट नं. १ लाई मात्र मिति २०८३।०६।२५ गतेको समूहको निर्णय अनुसार रद्द गरिएकोले उक्त लटमा कायम गरी राखिएका साल गोलिया २८३ थानको १३१६.०४ घ.फि., असना गोलिया १३ थानको २७७.५७ घ.फि., जामुन गोलिया ९ थानको १९.८७ घ.फि. काठ र अन्य विभिन्न प्रजातीका गोलिया १३९ थानको ५२६.११ काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना साथै लुम्बिनी प्रदेश, वन, वातावरण तथा पर्यटन मन्त्रालय, वन निर्देशनालय र डिभिजन वन कार्यालय, कपिलवस्तुको वेभसाइटमा समेत हेर्नु हुन अनुरोध छ ।

**श्री राजकुँडा सामुदायिक वन उपभोक्ता समूह**

बुद्धभुमी-१, विरपुर, कपिलवस्तु

CamScanner

**राजकुँडा सामुदायिक वन उपभोक्ता समूह,**
**बुद्धभुमी न.पा. वडा नं १, बिरपुर, कपिलवस्तु**
**गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रिको विस्तृत सूचना**

दोश्रो पटक प्रकाशित मिति २०८३।०६।२७

यस सामुदायिक वनको स्वीकृत वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय कपिलवस्तु कपिलवस्तुको सहमति बमोजिम आ.व.०८०/०८१ मा सुधार कटान भई उत्पादन भएको, आ.व. ०८१/०८२ को उत्पादन भई आपूर्ती समितिबाट फिर्ता भएको तथा आ.व. ०८२/०८३ मा पुनरुत्पादन, ढलापडा कटानका लागि डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) सहमति अनुसारका रुखहरुको कटानबाट उत्पादन भई समूहको घाटगद्दीमा रहेका लट नं. १ को मात्र निम्न परिमाणका वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले समूहको मिति २०८३।०६।२५ गतेको निर्णय अनुसार यो सुचना प्रकाशित गरिएको छ।इच्छुक स:मिल/कम्पनी/फर्मका प्रोपराइटरले नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता र डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि सहित यो सुचना मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन सम्म बोलपत्र समूहको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ ।

१. **वन पैदावारको विवरण:**

| लट नम्बर | वन पैदावारको विवरण | | | | न्युनतम (रु) | | संकलन खर्च (प्रति इकाइ) | घाड न | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रजाती | ग्रेड | थान | परिमाण (घ.फी) | इकाइ मुल्य | जम्मा मुल्य | | | |
| ०१-०८३.८४ | साल | A | १६ | २७०.०२ | १२५० | ३३७५२५ | १२९ | ९,१० | RF/FT-2082.83 & LAR-2081.82 |
| ०१-०८३.८४ | साल | B | ३४ | ३२३.०९ | ९०० | २९०७८१ | | | |
| ०१-०८३.८४ | साल | C | १८६ | ६४७.९१ | ६०० | ३८८७४६ | | | |
| ०१-०८३.८४ | साल | D | ४७ | ७५.०२ | ३०० | २२५०६ | | | |
| ०१-०८३.८४ | असना | A | ७ | २५३.२६ | ४०० | १०१३०४ | | ४ | TI/080.81 |
| ०१-०८३.८४ | असना | B | २ | १५.८९ | ३०० | ४७६७ | | | |
| ०१-०८३.८४ | असना | C | ४ | ८.४२ | १०० | ८४२ | | | |
| ०१-०८३.८४ | जामुन | C | ९ | १९.८७ | १०० | १९८७ | | | |
| ०१-०८३.८४ | बोटधाइरो | N | ११ | २९.३४ | १०० | २९३४ | | | |
| ०१-०८३.८४ | बाँझी | N | १०३ | ४००.५५ | १०० | ४००५५ | | | |
| ०१-०८३.८४ | कुसुम | N | ३ | ९.२५ | १०० | ९२५ | | | |
| ०१-०८३.८४ | क्यामुन | N | १७ | ६६.४७ | १०० | ६६४७ | | | |
| ०१-०८३.८४ | तेण्डु | N | ५ | २०.५० | १०० | २०५० | | | |
| लट १ जम्मा | | | ४४४ | २१३९.५९ | | १२०१०६९ | | | |

२. वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय : क) अन्तिम मिति : २०८३-०6-१७ ख) समय : कार्यालय समय

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय: क) अन्तिम मिति : २०८३-०6-१८ ख) समय : दिनको २ बजे

५. वोलपत्र खोल्ने मिति र समय : क) खोल्ने मिति :२०८३-०6-१९ ख) समय : दिनको २ बजे

६. वोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनको तोकिएकै समयमा बोलपत्र खरिद वा दाखिला वा खोल्न सकिनेछ ।

७. वोलपत्रसाथ लटैपिच्छे कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी बापतको रकम यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, तौलिहवा शाखामा रहेको खाता नं. ३११०१००००९३३१००१ मा जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको सक्कलै बैंक जमानत बोलपत्र दाखिला गरेको लटसाथ समावेश हुनुपर्नेछ ।

CamScanner

राजकुंडा सामुदायिक वन उपभोक्ता समूह,
बुद्धभुमी न.पा. वडा न १, विरपुर, कपिलवस्तु

हेमन्त बहादुर मल्ल
अध्यक्ष

८. बोलपत्र फारम रु.२००० पछि फिर्ता नहुने गरी समुहको बैक खातामा जम्मा गरेको सक्कल भौचर सहित समूह र डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु) बाट खरिद गरी सोही कार्यालयमा दाखिला गर्न सकिनेछ ।

९. लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र समुहको **बुद्धभुमी-१, विरपुरमा** रहेको समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

१०. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपराइटर वा निजको मञ्जुरीनामा रहेको प्रतिनिधिले मात्र आवश्यक कागजात सहित बोलपत्र खरिद गर्न पर्नेछ ।

११. निधारित न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु कार्यालय प्रतिनिधिको रोहवरमा माथि उल्लेखित मिति र समयमा खोलिनेछ ।

१२. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैतालिस) दिन भित्र सकार गरेको रकम, नियमानुसार लाग्ने कर, संङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाई लिलाम सकार गरेको वन पैदावार तोकिएको अविधि भित्र उठाई लैजानु पर्नेछ ।

१३. वोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहका अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । फोटोकपी, समूहको सक्कल छाप नलागेको र समूहका अध्यक्षको दस्तखत नभएको बोलपत्र मान्य हुने छैन ।

१४. वोलपत्र फारम जसले खरिद गरेको छ उसैको नामबाट पेश गर्नु पर्नेछ ।अन्यको नाम वा फर्मबाट पेश गरेमा मान्य हुने छैन ।

१५. वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१६. वोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ

१७. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

CamScanner